# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०८।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

सशस्त्र प्रहरी बल, औद्योगिक सुरक्षा गण, नेपालगंज, बाँकेमा कार्यरत सशस्त्र प्रहरी जवान शम्भुप्रसाद आचार्यले नियन्त्रणमा लिएको सामान फिर्ता दिने प्रयोजनको लागि सेवाग्राहीसँग विभिन्न बहानामा घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कोहलपुरबाट खटिइ गएको टोलीले निजलाई रु.७,०००/-(सात हजार) घुस रकम लिइसकेको अवस्थामा पक्राउ गरी अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई बिगो रु.७,०००/-(सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफाको देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता